# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।१२।०६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुनसरी, साविक बराहक्षेत्र गा.वि.स. वडा नं. ३ स्थित आदर्श सामुदायिक वन उपभोक्ता समुहका पदाधिकारीहरूले सामुदायिक वनमा वृक्षारोपण र तार घेराको नाममा अत्याधिक रकम खर्च देखाएको, चेक काटी रकम हिनामिना गरेको, समुहमा दाखिला गर्नुपर्ने रकम खाई मासेर आर्थिक अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आदर्श सामुदायिक वन उपभोक्ता समुहका **तत्कालीन सचिव दिपक थापा मगर**ले आफ्नो कार्यकालमा उपभोक्ताहरुबाट रसिद काटी बुझी लिएको समुहको कोषमा दाखिला गर्नुपर्ने रकम रु.२,९३,३७२।५१ कोषमा दाखिला नगरेको र **तत्कालीन सचिव जनक थापा**ले आफ्नो कार्यकालमा उपभोक्ताहरूबाट रसिद काटी बुझी लिएको समुहको कोषमा दाखिला गर्नुपर्ने रकम रू. ७०,०८५।३८ कोषमा दाखिला नगरेको साथै वन उपभोक्ता समुहको जिम्मेवार पदाधिकारीले आफ्नो जिम्मामा रहेको नगद तत्काल समुहको कोषमा दाखिला गर्नुपर्नेमा सो नगरी निज प्रतिवादीहरु दिपक थापा मगर र जनक थापाले बदनियतपूर्ण ढङ्गले बन उपभोक्ता समुहको रकम जम्मा गर्नुपर्ने आदर्श सामुदायिक वन उपभोक्ता समुहको कोषमा जम्मा नगरी मासी खाई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको हुँदा उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकोले प्रतिवादी **दिपक थापा मगर**लाई बिगो रु.२,९३,३७२।५१ (दुई लाख त्रियानव्बे हजार तीन सय बहत्तर रुपैंया र पैसा एकाउन्न) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम अधिकतम सजाय र **जनक थापा**लाई बिगो रु.७०,०८५।३८ (सत्तरी हजार पचासी रुपैंया र पैसा अठ्तीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम अधिकतम सजाय हुन साथै निजहरुले हिनामिना गरेको उल्लेखित रकम ऐ.ऐ. दफा १७ बमोजिम असुलउपर हुन समेतको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी